# जिराभवानी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### सेढवा पर्सा
प्रदेश नं २, नेपाल

Mobile no :-9855015100
Email:- lto.jirabhawanimun@gmail.com
Website:- Jirabhawanimun.gov.np

पत्र संख्या :- ०७६।७७ मिति :- २०७६।१०।१३

चलानी नं. :- ३२६

श्री भुमी व्यवस्था, कृषी तथा सहकारी मन्त्रालय
पशु पंछी तथा मत्स्य विकास निर्देशनालय
भेटेरिनरी अस्पताल तथा पशु सेवा केन्द्र
वीरगंज, पर्सा ।

विषय :- जानकारी सम्वन्धमा ।

प्रस्तुत विषयमा ताहाँ कार्यालयको पत्र संख्या २०७६।०७७ च नं ४२९ को मिति २०७६।१०।१२ गतेको प्राप्त पत्रानुसारको सुचना, सुचना पार्टिमा टाँस गरेको व्यवहोरा अनुरोध छ ।

........ ७६।१०।१३
(कुलोत्तम प्रसाद पोखरेल)
प्रमुख प्रशासकिय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत

प्रदेश सरकार

प्रदेश नं.२

भुमी व्यवस्था,कृषी तथा सहकारी मन्त्रालय

पशु पंक्षी तथा मत्स्य विकास निर्देशनालय

भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र

वीरगंज, पर्सा

प.स. : ०७६।०७७

मिति: २०७६।१०।१२

च.नं. : ४२६

विषय: सुचना टाँस गरी जानकारी पठाइ दिने बारे ।

श्री पर्सा जिल्लाका म.न.पा./उप.म.न.पा./न.पा./गा.पा. सबै ।

प्रस्तुत विषयमा प्रतिक दैनिकमा मिति २०७६।१०।१२ गते प्रकाशित भएको सुचना थान १ यसै पत्र साथ संलग्न राखी पठाइएको छ । उक्त सूचना तहाँको सुचना पाटीमा टाँस गरी जानकारी पठाइ दिनु हुन अनुरोध छ ।

प्रशासन
(जानकारी) पठाउने
१०।१३

२०७६।१०।१२

वीर बहादुर श्रेष्ठ
पशु चिकित्सक

निमित कार्यालय प्रमुख

जिराभवानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, सेढवा
दर्ता नं. ६०३
दर्ता मिति: २०७६।१०।१३

प्रदेश सरकार

प्रदेश नं. २

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

पशुपक्षी तथा मत्स्य विकास निर्देशनालय

## भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, पर्सा

# पकेट तथा ब्लक कार्यक्रम सञ्चालन गर्न प्रस्तावपत्र पेश गर्नेसम्बन्धी सूचना

*प्रथमपटक प्रकाशित सूचना मितिः २०७६।१०।१२ गते*

यस भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, पर्साको आव २०७६।०७७ मा सङ्घीय सरकारबाट हस्तान्तरित सशर्त कार्यक्रमको प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अर्न्तगतको मत्स्य नयाँ पकेट तथा ब्लक कार्यक्रम तपसील अनुसारको सङ्ख्यामा सञ्चालन गर्नुपर्ने भएकोले इच्छुक कृषक, कृषक समूह, कृषि सहकारी र कृषक उद्यमीहरूले आवश्यक कागजातसहित यो सूचना प्रथमपटक प्रकाशन भएको मितिले २१ दिनभित्र (मिति २०७६।११।०४ गतेसम्म) यस कार्यालयमा प्रस्तावपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ। कार्यविधि २०७३ बमोजिम पकेटको लागि १० हेक्टर पोखरी जलाशय क्षेत्रफल आवश्यक पर्ने तथा ब्लकको लागि १०० हेक्टर पोखरी जलाशय क्षेत्रफल आवश्यक पर्ने बेहोरा समेत जानकारी गराइन्छ।

### तपसील

**पकेट तथा ब्लक कार्यक्रम सञ्चालन हुने सङ्ख्याः**

**पकेट सङ्ख्याः २** **ब्लक सङ्ख्या : १**

**संलग्न गर्नुपर्ने कागजातहरू**

१. कार्यालयले तोकेको ढाँचामा रु १० को हुलाक टिकटसहित निवेदन।
२. कृषक/कृषक समूह/कृषि सहकारी/कृषक उद्यमी/दर्ता प्रमाणपत्र।
३. कृषक/कृषक समूह/कृषि सहकारी/ कृषक उद्यमी व्यावसायिक कृषकको पोखरी क्षेत्रफल खुलेको निर्णयको प्रतिलिपि।
४. जग्गाधनीको लालपुर्जाको प्रमाणित प्रतिलिपि वा भाडामा लिएको जग्गाको हकमा कम्तीमा ५ वर्षको करारनामा वा सम्झौतापत्र।
५. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि।
६. स्थानीय तहको सिफारिश।

नोट : पुरानो पाकेट तथा ब्लकमा छनोट भएका कृषक/कृषक समूह/कृषि सहकारी/कृषक उद्यमीले आवेदन दिन पाउनेछैनन्।

फोन नं. ०५१-५२२५५१
ईमेल : vhlsec.parsa@gmail.com

**डा. रामरीक्षण साह** (वरिष्ठ पशु चिकित्सक)
कार्यालय प्रमुख